# चौंरीदेउराली गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

ढाँडखर्क भञ्ज्याङ्ग,काभ्रेपलाञ्चोक

बागमती प्रदेश,नेपाल

प.स. ०७७/०७८
च.नं.

मिति २०७७/१२/०४

चौंरीदेउराली गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय ढाँडखर्क भञ्ज्याङ्ग, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल २०७३

---

**सूचना!** **सूचना!!** **सूचना!!!**

## विषयः सामाजिक सुरक्षा आवेदन सम्बन्धमा।

यस चौंरीदेउराली गाउँपालिका भित्रका **जन्म मिति वि.स. २००७ साल भएका जेष्ठ नागरिक, नयाँ आपङ्गता परिचयपत्र प्राप्त गर्नुभएका नागरिकहरु** तथा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य नागरिकहरुले सामाजिक सुरक्षा नियमावली, २०७६ को अनुसूची १ बमोजिमको निवेदन भरी तपसिल बमोजिमको कागजात सहित वडा कार्यालयमा बुझाउनुहुन र अनुरोध छ।

**तपसिलः**

- सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि(बालबालिकाको हकमा बाहेक),
- बालबालिकाको हकमा जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपिका साथै आमाको वा आमा नभए संरक्षक वा स्याहार सुसार गर्ने व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र नजिकको स्वास्थ्य संस्थामा खोप लगाएको वा तौल जाँच गराएको प्रमाण,
- सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेकी महिलाको हकमा सम्बन्ध विच्छेद दर्ताको प्रतिलिपि र अर्को विवाह नगरेको प्रमाणपत्र,
- विधवा महिलाको हकमा पतिको मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको प्रमाणपत्र,
- न्यायिक पृथकीकरण गरी बसेकी महिलाको हकमा न्यायिक पृथकीकरण भएको प्रमाण,
- विवाह नगरेको महिलाको हकमा स्थानीय तहको सिफारिस,
- अपाङ्गता भएका व्यक्तिको हकमा प्रचलित कानून बमोजिम जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि र पूर्ण अपाङ्गताको हकमा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
- सामाजिक सुरक्षा भत्ता पाउने व्यक्ति आफैं उपस्थित हुन नसकी संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिएकोमा निजको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

.........................
(महान दास लामा)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत